जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६० | २०८३ साल बैशाख २२ गते मंगलवार | Tuesday-05-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बाराबाट हुँदै आएको मदिरा तस्करी उजागर, भारतीय कारबाहीमा चार पक्राउ

**शु.आ. सम्बाददाता**
**बारा, २१ वैशाख**



नेपाल-भारत सीमाक्षेत्र हुँदै बाराबाट भारततर्फ मदिरा तस्करी भइरहेको तथ्य पुनः उजागर भएको छ। भारतीय सुरक्षाकर्मीले आइतबार सञ्चालन गरेको दुई फरक कारबाहीमा चार जनालाई पक्राउ गर्दै ठूलो परिमाणमा मदिरा बरामद गरेका छन् ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) को ७१औँ बटालियन, मोतिहारीले बिहार प्रहरीसँग समन्वय गर्दै सूचनाका आधारमा सीमावर्ती क्षेत्रमा संयुक्त अपरेसन चलाएको थियो। एसएसबीका सहायक कमान्डेन्ट बिश्वजित तिवारीका अनुसार पहिलो कारबाही दिउँसो करिब १२:४५ बजे इस्लामपुर नजिक गरिएको थियो । 'डी' कम्पनी (बीओपी मुर्तिया टोला) र आदापुर प्रहरीको संयुक्त टोलीले सीमा स्तम्भ नम्बर ३८२/२१ बाट करिब ५०० मिटर भारततर्फको क्षेत्रमा छापा मार्दा ४१ बोतल 'कस्तुरी' मदिरा र ५ लिटर कच्ची मदिरा बरामद भएको छ ।

सो घटनामा भारतीय नागरिक २४ वर्षीय साफीक आलम, ३० वर्षीय सरोज माझी र ६० वर्षीय पाचु माझी पक्राउ परेका छन् ।

त्यसैगरी दोस्रो कारबाही साँझ ४:१० बजे 'ए' कम्पनी, अठमोहान र झरौखर प्रहरी चौकीको संयुक्त टोलीले सञ्चालन गरेको थियो । उक्त अपरेसनमा 'ब्ल्याक ओक', 'एम्बिसन' र 'कस्तुरी' ब्रान्डका मदिरा विभिन्न परिमाणमा बरामद गरिएको एसएसबी प्रवक्ता बिनित कुमार सिंहले जानकारी दिएका छन् ।

यस घटनामा बाराको स्वर्ण गाउँपालिका-जमुनिया टोल निवासी ३३ वर्षीय सन्जय (सनोज) प्रसाद यादवलाई बीआर२२एस ७२२९ नम्बरको मोटरसाइकलसहित पक्राउ गरिएको छ । बरामद मदिरा सीमा स्तम्भ नम्बर ३५८/०५ बाट करिब ४०० मिटर भारततर्फ अथमोहन गाउँ नजिक फेला परेको जनाइएको छ ।

प्रारम्भिक अनुसन्धानले दुवै घटनामा नेपालबाट भारततर्फ मदिरा तस्करी भइरहेको पुष्टि गरेको छ । पक्राउ परेका व्यक्तिहरू तथा बरामद सामग्रीलाई थप अनुसन्धानका लागि आदापुर र झरौखर प्रहरी कार्यालयमा बुझाइएको छ ।

सीमाक्षेत्रमा बाराबाट हुँदै आएको मदिरा तस्करीको गतिविधि यस घटनासँगै फेरि सतहमा आएको छ । पछिल्लो समय सीमामा कडाइ बढाइएको दाबी गरिए पनि यस्ता घटनाले तस्करी नियन्त्रणमा चुनौती कायमै रहेको देखिएको छ ।

## विद्यालय शुल्कमा मनपरी नगर्न कलैया उपमहानगरपालिकाको निर्देशन

**शु.आ. सम्बाददाता**
**बारा, २१ वैशाख**




कलैया उपमहानगरपालिकाले संस्थागत (निजी) विद्यालयहरूले विद्यार्थीबाट लिने विभिन्न शुल्कमा अनियमितता बढेको भन्दै कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिएको छ। शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख राजिव कुमार यादवको हस्ताक्षरमा जारी भएको पत्रमार्फत उपमहानगर क्षेत्रभित्रका सबै संस्थागत विद्यालयलाई प्रचलित कानुन र कार्यविधि अनुसार मात्र शुल्क लिन स्पष्ट निर्देशन दिइएको हो ।

उक्त पत्रमा हालै विद्यार्थी भर्ना, प्रमाणपत्र (सर्टिफिकेट) तथा स्थानान्तरण (ट्रान्सफर) सम्बन्धी शुल्कमा अत्यधिक रकम असुलिएको भन्ने व्यापक जनगुनासो प्राप्त भएको उल्लेख गरिएको छ। सोही गुनासोलाई ध्यानमा राख्दै उपमहानगरपालिकाले निर्धारित मापदण्डभन्दा बाहिर गएर शुल्क नलिन विद्यालयहरूलाई सचेत गराएको हो ।

पत्रमा भनिएको छ कि कलैया उपमहानगरपालिकाद्वारा राजपत्रमा प्रकाशित "विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०७५" अनुसार मात्र शुल्क लिन पाइनेछ । विशेषगरी उक्त कार्यविधिको परिच्छेद-३, दफा ५ को उपदफा ४ मा भएको व्यवस्थालाई अनिवार्य रूपमा पालना गर्नुपर्ने उल्लेख गरिएको छ । शाखा प्रमुख यादवको अनुसार विद्यार्थीबाट लिइने प्रमाणपत्र शुल्क तथा स्थानान्तरण प्रमाणपत्र शुल्क मासिक पढाइ शुल्कको १० प्रतिशतभन्दा बढी हुन नपाउने स्पष्ट प्रावधान रहेको छ । तर केही विद्यालयहरूले सो सीमाभन्दा बढी रकम असुल्दै आएको गुनासो आएपछि उपमहानगरपालिकाले यस्तो निर्देशन जारी गरेको जनाएको छ। उपमहानगरपालिकाले तोकिएको मापदण्डविपरीत शुल्क लिएको पाइएमा कानुनबमोजिम कारबाही गरिने चेतावनी समेत दिएको छ । साथै अभिभावक तथा सरोकारवालाहरूलाई पनि अनियमितता देखिएमा सम्बन्धित निकायमा जानकारी गराउन आग्रह गरिएको छ ।

शिक्षा शाखा प्रमुख राजीव कुमारी यादवले विद्यालयहरूलाई नियमअनुसार पारदर्शी रूपमा शुल्क निर्धारण र असुली गर्न आग्रह गर्दै विद्यार्थी र अभिभावकको हितलाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् ।

यस निर्देशनसँगै कलैया उपमहानगरपालिकाभित्रका निजी विद्यालयहरूको शुल्क संरचना थप व्यवस्थित हुने र अभिभावकको आर्थिक भार घट्ने अपेक्षा गरिएको छ ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

## कर्तव्य ज्यान मुद्दाका फरार अभियुक्त अदालतमा हाजिर, प्रहरी सेटिङको आशंका गर्दै पीडित पक्षद्वारा प्रदर्शन

**शु. आ. सम्बाददाता**
**रौतहट, २१ वैशाख**




जिल्लाको परोहा नगरपालिकामा एक वृद्धको हत्या गरी फरार रहेका अभियुक्त प्रहरी सेटिङमा सुटुक्क हाजिर भएको दाबी गर्दै पीडित पक्ष र स्थानीय बासिन्दाले सोमबार जिल्ला अदालत रौतहट बाहिर चर्को प्रदर्शन गरेका छन् । कर्तव्य ज्यान मुद्दाका अभियुक्तलाई उन्मुक्ति दिन खोजिएको भन्दै पीडित परिवारले न्याय सुनिश्चितताको मागसहित अदालत परिसरमा नाराबाजी र धर्ना दिएका हुन्। २०८१ साल चैत २१ गते परोहा नगरपालिका वडा नं. २ मा स्थानीयस्तरको एक छलफल भइरहँदा सामान्य विवाद उत्पन्न भएको थियो। सो क्रममा ६५ वर्षीय शेख मतिन माथि ६ जनाको समूहले साङ्घातिक आक्रमण गरेको थियो ।

आक्रमणमा संलग्न रहेको आरोपमा स्थानीयहरु शेख फजले हक, शेख नथुनी, शेख जावेद, मासु, शेख सकिल, शेख रोज महम्मद सहित विरुद्ध पीडित परिवारले किटानी जाहेरी दर्ता गरेको थियो । कुटपिटबाट गम्भीर घाइते भएका मतिनलाई गरुडा, चन्द्रनिगाहपुर र वीरगञ्जका विभिन्न अस्पतालमा उपचार गर्दा पनि निको नभएपछि थप उपचारका लागि काठमाडौं लैजाने क्रममा चैत २३ गते बाटोमै मृत्यु भएको थियो ।

घटना भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि अभियुक्तहरू फरार रहँदै आएका थिए। तर फरार सूचीमा रहेका मध्ये एक अभियुक्त शेख रोज महम्मद इलाका प्रहरी कार्यालय गरुडाका प्रमुखसँगको सेटिङमा हाजिर भएको र सरकारी वकिल कार्यालयमार्फत अदालतमा थुनछेक बहसका लागि पेश गरिएको खबर बाहिरिएपछि स्थिति तनावपूर्ण बनेको हो । मृतकका छोरा सदरे आलमले प्रहरी प्रशासनप्रति गम्भीर प्रश्न उठाउँदै भनेः हामीले वर्षदिनसम्म न्यायका लागि हारगुहार गर्दा अभियुक्त पक्राउ परेनन्। अहिले प्रहरीसँग सेटिङ मिलाएर मिसिललाई कमजोर बनाउँदै अदालतबाट छुट्ने दाउमा अभियुक्त आफैं हाजिर भएका छन्। यो न्यायको उपहास हो त्यसैले हामी खबरदारी गर्न सडकमा उत्रिएका हौं ।

पीडित पक्षको आशंका छ कि प्रहरीले अभियुक्तसँगको मिलेमतोमा घटनाको प्रमाण कमजोर बनाएको र अदालतबाट सजिलै धरौटीमा छुट्ने वातावरण तयार पारिएको छ ।

सोमबार जिल्ला अदालतमा थुनछेक बहस चलिरहँदा बाहिर भेला भएका सयौंको संख्यामा रहेका स्थानीय र पीडित परिवारले अपराधीलाई फाँसी दे, 'प्रहरी सेटिङ बन्द गर' र 'न्याय सुनिश्चित गर' जस्ता नारा लगाएका थिए। आलमले थपे, सरकार फेरिएको छ, नयाँ व्यवस्थामा पीडितले न्याय पाउने केही आशा अझै जीवितै छ । तर यदि शक्ति र पैसाको आडमा अपराधीले उन्मुक्ति पाउँछ भने हामी अझै कडा आन्दोलन गर्न बाध्य हुनेछौं । प्रदर्शनका कारण अदालत परिसरको सुरक्षा व्यवस्था कडा पारिएको थियो । हाल अदालतमा थुनछेक बहस जारी छ । जिल्ला अदालतको आदेशले अभियुक्तलाई पुर्पक्षका लागि जेल पठाउँछ वा धरौटीमा रिहा गर्छ भन्ने विषयले यो आन्दोलनको आगामी दिशा तय गर्ने देखिएको छ ।

यस विषयमा इलाका प्रहरी कार्यालय गरुडाले भने सेटिङको आरोपलाई अस्वीकार गर्दै कानुनी प्रक्रिया अनुसार नै अभियुक्त अदालतमा पेश भएको दाबी गरेको छ। तर लामो समयसम्म फरार अभियुक्त एक्कासी हाजिर हुनुले स्थानीयमा भने अविश्वास र आक्रोश पैदा गरेको छ ।

## ट्र्याक्टरको चपेटामा परी अज्ञात युवकको मृत्यु, घटनाबारे शँका उब्जिएपछि अनुसन्धान तीव्र

**शु.आ. सम्बाददाता**
**बारा, २१ वैशाख**



बाराको परवानीपुर गाउँपालिका-३ स्थित परवानीपुर बजारमा ट्र्याक्टरको चपेटामा परेर करिब ३५ वर्षीय एक अज्ञात युवकको घटनास्थलमै मृत्यु भएको छ । आइतबार राति भएको उक्त घटनाले स्थानीय क्षेत्रमा त्रास र जिज्ञासा दुवै उत्पन्न गरेको छ ।

प्राप्त जानकारी अनुसार स्थानीय रामबाबु रौनियारको खाली जग्गामा माटो खसाल्ने क्रममा प्लास्टिक सङ्कलन गर्दै आएका ती युवक ट्र्याक्टरको चपेटामा परेका थिए । घटनापछि युवकको शव घटनास्थलभन्दा केही अगाडि सारिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ, जसले घटनालाई थप शङ्कास्पद बनाएको छ । इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठका अनुसार प्रारम्भिक अनुसन्धानमा ट्र्याक्टरले च्यापिएको देखिए पनि शवको अवस्था र भेटिएको स्थानले घटनामा अन्य पक्षको संलग्नता हुन सक्ने आशंका उत्पन्न गरेको छ । "घटनाको वास्तविकता पत्ता लगाउन हामी विभिन्न कोणबाट अनुसन्धान गरिरहेका छौं," उनले भने ।

प्रहरीले घटनास्थल वरपरका सिसिटिभी फुटेज संकलन गरी अध्ययन गरिरहेको जनाएको छ ।

साथै, ट्र्याक्टर चालक र सम्बन्धित व्यक्तिहरूसँग सोधपुछ समेत भइरहेको छ । मृतकको पहिचान अझै खुल्न नसकेको र पहिचानका लागि प्रयास जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

प्रारम्भिक रूपमा मृतक प्लास्टिक सङ्कलन गरेर जीविकोपार्जन गर्दै आएको खुलेको छ । घटनाप्रति स्थानीयवासीले समेत गम्भीर चासो व्यक्त गरेका छन् र निष्पक्ष छानबिनको माग गरेका छन् ।

प्रहरीले मृतकको पहिचान खुलाउने तथा घटनाको वास्तविक कारण पत्ता लगाउने कार्यलाई प्राथमिकतामा राख्दै अनुसन्धानलाई तीव्र बनाएको जनाएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


# सम्पादकीय..........

## बारामा पनि अवैध संरचना हटाउन सुरुः ढिलाइ भए पनि सकारात्मक संकेत

बारा जिल्लामा अवैध संरचना हटाउने अभियान सुरु हुनु स्वागतयोग्य कदम हो । सार्वजनिक जग्गा अतिक्रमण, सडक छेउमा अनियन्त्रित निर्माण, तथा नियमविपरीत बनाइएका संरचनाहरुले दीर्घकालीन रुपमा विकास र सुशासनमा बाधा पुऱ्याउँदै आएका थिए । यस्तो अवस्थामा स्थानीय तह तथा सम्बन्धित निकायले देखाएको सक्रियता ढिलै भए पनि सही दिशातर्फको प्रयास मान्नुपर्छ ।

वर्षौंदेखि सार्वजनिक सम्पत्तिमाथि निजी स्वार्थ हाबी हुँदै जाँदा राज्यको उपस्थिति कमजोर देखिएको थियो । सडक विस्तार, नाला व्यवस्थापन, बजार सौन्दर्यीकरण जस्ता योजनाहरु कागजमै सीमित हुने प्रमुख कारण पनि यही अतिक्रमण थियो । अब भने ती अवरोध हटाउने पहलले विकासका आधारहरु बलियो बनाउने आशा जगाएको छ ।

तर, यस्ता अभियान केवल सुरु गर्नु मात्र पर्याप्त हुँदैन । यसको कार्यान्वयन निष्पक्ष, पारदर्शी र दीर्घकालीन हुनुपर्छ । पहुँच र प्रभावका आधारमा कसैलाई उन्मुक्ति दिने र कसैमाथि मात्र कडाइ गर्ने प्रवृत्ति दोहोरिएमा जनविश्वास फेरि कमजोर हुनेछ । त्यसैले कानुन सबैका लागि समान रुपमा लागू भएको देखिनु अत्यावश्यक छ ।

साथै, अवैध संरचना हटाउँदा प्रभावित हुने सर्वसाधारणको व्यवस्थापनतर्फ पनि ध्यान दिनुपर्छ । विकल्पबिना विस्थापन गर्दा सामाजिक समस्या निम्तिन सक्छ । यसकारण, मानवोचित दृष्टिकोण अपनाउँदै वैकल्पिक व्यवस्था र पर्याप्त सूचना दिएर मात्र कार्य अघि बढाइनु बुद्धिमानी हुनेछ ।

अन्ततः, बारामा सुरु भएको यो अभियानलाई निरन्तरता दिन सकिएमा मात्र यसको वास्तविक उपलब्धि देखिनेछ । कानुनी शासनको प्रत्याभूति दिलाउँदै सार्वजनिक हितलाई केन्द्रमा राखेर अघि बढ्दा मात्र यस्ता प्रयासले दीर्घकालीन परिवर्तन ल्याउन सक्छन् ।

# सुशासनको सुनौलो संकल्प



**शंकरनाथ काफ्ले**

वालेन सरकारले प्रारम्भिक चरणमै सुधारका संकेतहरू देखाइरहेको छ, जसकारण विपक्षी दलसमेत नतमस्तक छन् ।

बालेन नेतृत्वको सरकारले एक महिने कार्यकाल पूरा गरेको छ । यो एक महिनामा सरकारले चर्चामा आउने गरी विभिन्न कार्यको थालनी गरेको छ । जसमध्ये केही परिणामत : परिपक्व नभएको अर्थात् आफूले गरेका कार्यहरूबाट फर्कनुपर्ने अवस्था आएको देखियो । धेरैजसो कामले जनतामा एक प्रकारको उत्साह छर्ने कार्य गरेको छ । घटनाक्रमले विपक्षी दलका केही नेताको गिरफ्तारीलाई पूर्वाग्रहपूर्ण हो कि भन्ने भाष्य स्थापित गरेको छ ।

अर्कोतर्फ, एक महिना नपुग्दै आफ्ना दुई मन्त्रीलाई हटाउनुपर्ने सम्मको अवस्थाले सरकारलाई गम्भीर हुन बाध्य बनाएको छ । प्रमुख प्रतिपक्ष दलले समेत संसदीय दलको नेता चयन गरिसकेको अवस्थामा अब संवैधानिक नियुक्तिको क्रम अघि बढ्ने बाटो खुलेको छ । सरकारले भोलिका दिनमा कुनै पनि नियुक्ति गर्दा गम्भीर रूपमा अध्ययन गरेर मात्र नियुक्ति गर्नुपर्ने देखिएको छ अर्थात् नियुक्तिपश्चात् कुनै कमजोरी नदेखियोस् । त्यस्तै, ठूला माछाका रूपमा लिइएका विभिन्न क्षेत्रका व्यक्तिहरूको गिरफ्तारीले सरकार सुशासनप्रति प्रतिबद्ध रहेको देखिएको छ । यद्यपि, अनुसन्धानले कुन रूप लिने हो त्यो यसै भन्न सक्ने अवस्था देखिएको छैन ।

अत : सरकारले कुनै पनि कार्य गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । तत्कालको वाहीवाहीले मात्र सफलताको मापन गर्न सकिँदैन । सरकारले यो हप्ता लामो समयदेखि अतिक्रमित खोला किनारका जग्गाहरू सफलतापूर्वक खाली गराउन सफल भइरहेको छ । यो सह्रानीय कार्य हो तर दशकौंदेखि आफूलाई सुकुम्बासी घोषणा गरी उक्त स्थानमा बसेका वास्तविक सुकुम्बासीहरूको पहिचान गरी उनीहरूका लागि उचित व्यवस्थापन गर्नु सरकारको जिम्मेवारी बनेको छ । यो कार्यमा ढिलो गर्नु हुँदैन । जति ढिलो गरिन्छ । बालबालिकाको शिक्षा पाउने अधिकारका साथै विभिन्न अधिकारबाट सुकुम्बासी परिवार वञ्चित हुनेछन् ।

इतिहास बोकेका भनिएका पुराना स्थापित राजनीतिक दलहरूको अस्तित्वलाई नै संकटमा पार्ने गरी उदाएको रास्वपाले आफ्नो वाचापत्रमा उल्लेख गरेका कार्यहरू समयभित्रै इमान्दारीपूर्वक सम्पन्न गर्नु पर्दछ । पहिलो एक महिनाको कार्यप्रगतिको मूल्यांकन गर्दा आफ्नो प्रतिबद्धतामा सरकार जिम्मेवार बन्दै गरेको पनि देखिन्छ । राजनीतिक तिलस्मीको संज्ञा दिइएको निर्वाचन परिणामपछि मुलुकले तिलस्मी रूपमा नै समृद्धिको बाटो समाउने छ भन्ने कुरामा आमनेपाली जनतामा विश्वास बढेको पाइन्छ । अब मुलुकले पक्कै राजनीतिक स्थायित्व पाउने छ भन्ने कुरामा विश्वास गर्ने प्रशस्तै आधार स्थापित भएका छन् ।

बालेन्द्र शाह नेपालको प्रधानमन्त्रीका रूपमा नियुक्त भएपछिको मन्त्रिपरिषद्को पहिलो बैठकले नै 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' प्रस्ताव पारित गरेर जनतामा सकारात्मक सन्देश प्रवाह गर्ने प्रयास गरेको थियो । त्यसपछि सरकारले प्रस्ताव गरेको शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं. ३ को प्रतिबद्धता पूरा गर्न उसले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने ६ वटै राजनीतिक दलका घोषणापत्र, वाचापत्र तथा प्रतिबद्धता पत्रलाई स्वामित्वमा लिँदै १८बुँदे राष्ट्रिय प्रतिबद्धता घोषणा गरेको छ । करिब दुईतिहाइ शक्ति आर्जन गरेको एउटा राजनीतिक दलले अन्य साना दलका भावनाहरूलाई समेत समेटेर राष्ट्रिय प्रतिबद्धता घोषणा गर्न सक्नु भनेको सरकार कति जिम्मेवार छ भन्ने कुराको पुष्टि पनि हो । निषेधको राजनीति गर्ने हाम्रो हिजोको राजनीतिक संस्कारलाई चिर्दै बालेन सरकारले सहमति र सहकार्यको नीतिअनुसार अघि बढ्ने प्रयास गर्नु भनेको सम्पूर्ण जनता प्रति गरिएको सम्मान हो भन्ने स्वीकार गर्नु पर्दछ । भुल्नुहुँदैन कि जेन-जी आन्दोलनको प्रमुख माग भनेको, 'भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्नु' भन्ने नै थियो । त्यसलाई सम्बोधन गर्ने उद्देश्यले नै यो प्रतिबद्धता आएको हो । सरकारले यो प्रतिबद्धतालाई आगामी वार्षिक नीति तथा कार्यक्रम र बजेट सुधार एजेन्डासँग आबद्ध गर्ने संकल्प पनि लिएको छ । सरकारले राष्ट्रिय प्रतिबद्धता स्वरूप घोषणा गरेको १८ बुँदामा विशेषत : आर्थिक क्षेत्रमा स्थायित्व सुधार गर्ने अर्थात् ५ वर्षमा आर्थिक वृद्धिदर ७ प्रतिशत पुऱ्याउने तथा प्रतिव्यक्ति आय तीन हजार डलर पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ । कृषि पेसाको सम्मान र आत्मनिर्भरतासम्बन्धी प्रतिबद्धता, पर्यटन तथा नागरिक उड्डयनसम्बन्धी प्रतिबद्धता, खानी तथा खनिजसम्बन्धी प्रतिबद्धता, पूर्वाधार विकाससम्बन्धी प्रतिबद्धता, समृद्धिको आधार रोजगारी यसमा ५ वर्षमा १५ लाख रोजगरी सिर्जना गर्नेसम्बन्धी प्रतिबद्धता, शिक्षा तथा स्वास्थ्यसम्बन्धी प्रतिबद्धता, वन वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी प्रतिबद्धता, प्रशासन तथा भ्रष्टाचार नियन्त्रण जसमा २०४८ सालपछि सार्वजनिक पदमा आसीन व्यक्तिहरूको सम्पत्ति पारदर्शी र कानुनी प्रक्रियाअनुसार छानबिन गर्ने प्रतिबद्धता छन् ।

यस्तै, प्रशासनिक सुधार तथा सेवा प्रवाहसम्बन्धी प्रतिबद्धता, विद्युतीय सुशासन तथा प्रविधिसम्बन्धी प्रतिबद्धता, सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी प्रतिबद्धता, अन्तर्राष्ट्रिय कूटनीति र परराष्ट्र सम्बन्धसम्बन्धी प्रतिबद्धता, खेदकुद विकाससम्बन्धी प्रतिबद्धता, विपद् व्यवस्थापनसम्बन्धी प्रतिबद्धता र सहकारी तथा लघुवित्त सुधारसम्बन्धी प्रतिबद्धता जाहेर गरेको छ । यी प्रतिबद्धताहरूको कार्यान्वयन पछि मुलुकमा राजनीतिक दलहरू प्रतिको विश्वसनीयता बढ्दै जाने कुरामा निश्चिन्त हुन सकिन्छ । उल्लिखित कार्यसूची र प्रतिबद्धताहरूले मुलुकलाई सही दिशातर्फ उन्मुख गराउने विश्वास गर्न सकिन्छ । यो सरकार गठन हुनुअघिको हाम्रो प्रशासनिक सेवा र आजको प्रशासनिक सेवामा आएको परिवर्तनले पक्कै पनि मुलुकमा उज्यालोको संकेत प्रदान गरिसकेको छ । सरकारले २०६२/६३ देखि हालसम्म सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति विवरण संकलन गर्न र छानबिन गर्न उच्चस्तरीय सम्पत्ति जाँचबुझ छानबिन आयोग गठन गरिसकेको छ । यो आयोगले आफ्नोसमेत सम्पत्ति छानबिन गरेर मुलुकमा सुशासन र निष्पक्षताको उदाहरण प्रस्तुत गर्न बालेन नेतृत्वको सरकारले जुन तत्परता देखाएको छ । त्यसले वर्तमान सरकारको विश्वसनीयता माथि थप इँट्टा थपेको छ । यसअघि संघीय संसद्को गठन भए पनि लामो समयसम्म समितिहरू गठन नहुने, समितिहरू गठन भएपछि पनि लामो समयसम्म त्यसले नेतृत्व नपाउने गरेको कारण संसदीय गतिविधिको चाल निकै सुस्त र निराशाजनक हुने गर्दथ्यो । यसपटक पहिलो चरणमा नै संसदीय समितिहरू गठन भई समितिहरूले नेतृत्वसमेत पाइसकेको कारण संसद्ले आफ्नो गरिमा फर्काउन सफल हुनेछ भन्ने कुरामा विश्वास गर्ने आधारहरू पनि देखापरिसकेका छन्, जसको कारण जनतामा अभूतपूर्व उत्साह बढेको छ । तर, पनि अघिल्लो दिन दुवै सदनको बैठक आह्वान गरेर भोलिपल्ट नै संसद् बैठकको आह्वान स्थगित गरिनुले जनतामा नकारात्मक सन्देश जाने सम्भावना रहन्छ । सरकारले आफ्नो कार्यक्रमको व्यवस्थित कार्यतालिका बनाएर उचित कार्यान्वयनमा ढाल्न सक्नुपर्दछ अन्यथा सरकारप्रति सन्देहको बिरुवा हुर्कन बेर लाग्दैन ।

सरकारको काम प्राय : प्रधानमन्त्री निवास बालुवाटारबाट मात्र हुने गरेको विगतको परम्परालाई तोड्दै बालेन सरकारले सिंहदरबारलाई चलायमान बनाएका छन् । यसले सुशासन र पादरर्शिता बढाउने कुरामा विश्वास गर्न सकिन्छ । घोषणा र प्रतिबद्धता कागजमा मात्र सीमित भयो भने निराशा छाउँछ भनेर सरकारले टाइमलाइनसहित कार्यसूची अघि बढाएको छ । सरकारले गरेको प्रतिबद्धताले जनतामा पक्कै विश्वास बढाउँछ तर कार्यान्वयन गरिएन भने उत्तिकै निराशा पनि जगाउँदछ । यसभन्दा अघिका कैयौं सरकारहरूले पनि बेलाबेलामा ठूलाठूला प्रतिबद्धताहरू जाहेर गर्ने गरेका थिए । तर, आफूले गरेका ती प्रतिबद्धता पूर्ण नगरेका कारण आज तिनीहरू जनताको अभिमतबाट ओझेलमा परेका छन् । आज नयाँ सरकार बनेको छ, यो सरकारले आफ्नो प्रतिबद्धता पूरा गर्न सबैभन्दा पहिला शान्ति सुरक्षाको पूर्ण प्रत्याभूत र सामाजिक वातावरणलाई व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्ने हुन्छ ।

सरकारले कुनै पनि कार्य गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । तत्कालको वाहीवाहीले मात्र सफलताको मापन गर्न सकिँदैन ।

सरकारले आफ्नो अगाडि थुप्रै चुनौतीको चांग आफ्नै लागि कठिन परीक्षाका रूपमा उभ्याएको छ भनेर आत्माबोध गर्नै पर्दछ । उसले प्रारम्भदेखि नै भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउने कार्य गरिरहेछ ।

सरकारले जनअपेक्षाअनुसार धेरै काम गर्नुपर्ने छ । कैयौं कार्य गर्दा जोखिमको पनि सामना गर्नुपर्ने हुन्छ । पक्कै पनि गहिरो खिल निकाल्नका लागि केही कष्ट त सहनु नै पर्ने पनि हुन्छ । आवश्यक पऱ्यो भने अप्रेसन पनि गर्नुपर्ने हुन्छ । हिजो राजनीतिमा विभिन्न संक्रमण भएकै थियो, त्यसको उचित निदान गर्न सक्नु सरकारको सक्षमताको मापन हुने भएको छ । रास्वपालाई पनि ज्ञात हुनै पर्दछ कि उसले दुईतिहाइको मत पाउँदै गर्दा कैयौं मत यसपटकलाई पूराना राजनीतिक दललाई जनताले नसिहत दिनको लागि पनि प्रदान गरेका थिए । चुपचाप घण्टीमा छाप लगाइरहँदा अधिकांश जनताले आफ्नो मत परिवर्तन गरेका थिए, मन परिवर्तन गरिसकेका छैनन् ।

अत : सरकारले आफ्नो अगाडि थुप्रै चुनौतीको चांग आफ्नै लागि कठिन परीक्षाको रूपमा उभ्याएको छ भनेर आत्माबोध गर्नै पर्दछ । उसले प्रारम्भदेखि नै भ्रष्टाचारीलाई कानुनको दायरामा ल्याउने कार्य गरिरहेछ । उसले समयमा नै पीडित जनतालाई न्याय दिलाउनु छ । सरकारले कुनै पनि कार्य गर्दा कुनै पनि खाले पूर्वाग्रहको छनक दिनुहुँदैन । कुनै पनि घटना जन्माएर जनताको विश्वास र भरोसा कुनै पनि हालतमा डगमगाउन दिनुहुँदैन । जनताले लामो समयदेखि आफूलाई आहुति दिएर प्राप्त गरेका लोकतान्त्रिक उपलब्धिहरूलाई कुनै पनि बहानामा हरण गर्ने कार्य गर्नु हुँदैन । हिजो हरेक क्षेत्रमा राजनीतिकरण भएका कारण कैयौं क्षेत्रले आफ्नो विश्वास गुमाउन पुगेको थियो । राज्यले लगानी गरेको शिक्षा तथा निजामती प्रशासनमा समेत राजनीति बढेकाले मुलुकले बेथितिको चरम उत्कर्ष भोग्नु परिरहेको थियो । हुँदाहुँदा सबैले सम्मानको दृष्टिले हेरिरहेको स्वतन्त्र र निष्पक्ष न्यायपालिकामा समेत राजनीतिको छायाँ पऱ्यो भन्ने भाष्यले मुलुक अप्ठ्यारो भिरालोतिर भासिँदै गरेको विश्लेषण गरियो । यस्ता पक्षमा समेत वर्तमान सरकारले सुधारको अभियान अघि बढाउनुपर्ने भएको छ । यो अभियानमा अघि बढ्दै गर्दा सरकार अति गम्भीर हुनुपर्दछ अर्थात् पेसागत समुदायको संगठित हुन पाउने अधिकार कुनै बहानामा संकुचित बनाउने प्रयास गरियो भने त्यो सरकारकै लागि हानिकारक हुन सक्छ । सरकारले दलगत खिलमात्र निकाल्ने हो, न कि पेसागत हक अधिकार ।

हामी पूर्ण लोकतन्त्रको अभ्यास गर्दैछौं तसर्थ, कैयौं यस्ता विषय छन्, जुन बाहिरबाट हेर्दा अनावश्यक देखिए पनि त्यो मानव समाजका लागि अति आवश्यक छ । स्वीकार्नै पर्दछ कि बालेन सरकारले प्रारम्भिक चरणमा नै प्रशस्त सुधारका संकेतहरू देखाइरहेका छन्, जसका कारण विपक्षी दलहरूसमेत नतमस्तक भइरहेका छन् । विपक्षी दलको धर्मका कारणले मात्र उनीहरूले खुलेर सरकारको प्रशंसा गर्न सकिरहेका छैनन् । सरकारले पहिलो महिनाको कार्यकालमा देखाएको चुस्तता आगामी दिनमा अझ व्यवस्थित रूपमा अघि बढाई आफ्नो नीति तथा कार्यक्रम र बजेटलाई समेत व्यवस्थित गर्नेछ भन्ने कुरामा आमनागरिक विश्वस्त छन् ।

- काफ्ले अधिवक्ता हुन् ।


**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रुपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

छिपहरमाई गाउँपालिका
भिस्वा, पर्सा


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# फिलिपिन्स : मेयनको खरानीले गाउँहरु खाली



***मनिला-*** फिलिपिन्सको प्रसिद्ध तर जोखिमपूर्ण मेयन ज्वालामुखीबाट एक्कासि खसेको बाक्लो खरानीले जनजीवन प्रभावित बनाउँदा ३०० भन्दा बढी परिवार विस्थापित भएका छन् । अधिकारीहरूका अनुसार सप्ताहन्तमा ज्वालामुखीको ढलानमा जम्मा भएको लावा एक्कासि खस्दा ठूलो मात्रामा खरानी फैलियो, जसका कारण आसपासका बस्तीहरू तत्काल खाली गराउनुपरेको थियो ।

अधिकारीहरूका अनुसार मेयनबाट कुनै ठूलो विस्फोट नभए पनि यसको दक्षिणपश्चिमी ढलानमा जम्मा भएको लावाको विशाल भण्डार अचानक खस्दा पाइरोक्लास्टिक प्रवाह उत्पन्न भएको थियो । फिलिपिन्स इन्स्टिच्युट अफ भोल्कानोलोजी एन्ड सिस्मोलोजीका निर्देशक टेरेसिटो बाकोलकोलका अनुसार तातो चट्टान, खरानी र ग्यास मिसिएको यो प्रवाह शनिबार रातअघि तीव्र गतिमा तल झरेको थियो, जसले आसपासका क्षेत्रमा भय र त्रास फैलाएको थियो ।

यस घटनाबाट कुनै मानवीय क्षति नभएको जानकारी दिइएको छ । तर तीन सहरअन्तर्गत पर्ने ८७ वटा गाउँमा खरानीको बाक्लो बादल फैलिँदा जनजीवन प्रभावित भएको थियो । दृश्यता अत्यन्त न्यून हुँदा सवारी आवागमनमा समेत समस्या आएको अधिकारीहरूले बताएका छन् । ज्वालामुखीको फेदमा रहेको क्यामालिग सहरका मेयर कालोय बाल्डोका अनुसार खरानीको घनत्व यति धेरै थियो कि मुख्य राजमार्गमा समेत शून्यजस्तै दृश्यता भएको थियो ।

उनले केही स्थानीय बासिन्दा डराएको भए पनि प्रशासनले उनीहरूलाई संयमित रहन आग्रह गरेको जानकारी दिए । खरानीका कारण कृषिमा पनि असर परेको छ । विशेषगरी तरकारी खेतीमा क्षति पुगेको छ भने क्यामालिग क्षेत्रमा चार वटा पानी भैँसी र एउटा गाईको मृत्यु भएको बाल्डोले बताए । अल्बे प्रान्तअन्तर्गत करिब आठ हजार जनसङ्ख्या रहेको उक्त क्षेत्रमा अहिले सफाइ र पुनःस्थापनाको काम जारी रहेको छ । निर्देशक बाकोलकोलका अनुसार हाल अवस्था केही शान्त देखिए पनि जोखिम पूर्ण रूपमा टरेको छैन । उनले मेयन ज्वालामुखी सधैँ सतर्कताका साथ निगरानीमा राखिएको उल्लेख गरे ।

समुद्र सतहदेखि दुई हजार ४६२ मिटर (आठ हजार ७७ फिट) उचाइमा रहेको मेयन ज्वालामुखी यसको सममित शङ्कु आकारका कारण फिलिपिन्सको प्रमुख पर्यटकीय आकर्षण मानिन्छ । तर यही ज्वालामुखी देशका २४ सक्रिय ज्वालामुखीमध्ये सबैभन्दा सक्रिय पनि हो । यसअघि जनवरीमा साना विस्फोटहरूको शृङ्खलापछि अधिकारीहरूले पाँच-चरणीय चेतावनी प्रणालीअन्तर्गत जोखिम स्तर ३ मा बढाएका थिए । ती विस्फोटहरूले शिखर क्रेटरबाट गाडी बराबर आकारका चट्टानहरू बाहिर फ्याँकेको र घातक पाइरोक्लास्टिक प्रवाह उत्पन्न गरेको जनाइएको छ ।

चेतावनी प्रणालीअनुसार स्तर ५ पुगेको अवस्थामा ज्वालामुखीबाट अत्यन्त खतरनाक विस्फोट, लावा प्रवाह, भारी खरानी वर्षा र पाइरोक्लास्टिक प्रवाह हुने भएकाले मानव जीवनमा गम्भीर जोखिम हुने गर्दछ ।

## चार्जमा........

त्रास फैलाएको छ । छिमेकीहरूका अनुसार घरभित्रै चार्जमा राखिने यस्ता सवारी साधनप्रति अब थप सतर्कता अपनाउनुपर्ने अवस्था आएको छ । स्थानीय सुशीला देवीले यस्ता उपकरण प्रयोग गर्दा सावधानी अपनाउन परिवारलाई सचेत गराउन थालेको बताइन् ।

उक्त स्कुटी बिक्री गर्ने कुशवाह मोटर्सका प्रतिनिधि शौरभ श्रीवास्तवले प्रारम्भिक रूपमा विद्युत् प्रवाहमा आएको उतार-चढाव (फ्लक्चुएसन) का कारण घटना भएको हुन सक्ने अनुमान गरेका छन् । उनले यसअघि यस्तो घटना नघटेको दाबी गर्दै वास्तविक कारण पत्ता लगाउन कम्पनीले अनुसन्धान सुरु गर्ने बताएका छन् ।

यस घटनाले इलेक्ट्रीक सवारी साधनको प्रयोगसँगै सुरक्षाका मापदण्ड, गुणस्तर परीक्षण र प्रयोग विधिबारे पुनर्विचार गर्नुपर्ने आवश्यकता औंल्याएको छ । विशेषज्ञहरूका अनुसार घरमै चार्ज गर्दा उचित तार, स्थिर विद्युत् आपूर्ति र सुरक्षित स्थानको प्रयोग नगर्दा जोखिम बढ्न सक्छ ।

घटनापछि सरोकारवालाहरूले इलेक्ट्रीक सवारी साधनको सुरक्षा मापदण्ड कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

## प्रदेशमा........

मन्त्रालयका वरिष्ठ तथ्याङ्क अधिकृत रामकृष्ण रेग्मीका अनुसार यस गणनाबाट प्राप्त हुने तथ्याङ्कले कृषि क्षेत्रको वास्तविक अवस्था उजागर गर्नेछ । "यसले भावी कृषि नीति निर्माण, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा ठोस आधार प्रदान गर्नेछ," उनले बताए ।

कार्यक्रम दुई चरणमा सञ्चालन गरिएको छ । पहिलो चरणमा तथ्याङ्क संकलन सम्पन्न गरिनेछ भने दोस्रो चरणमा ती तथ्याङ्कको विश्लेषण गरी आधिकारिक नतिजा सार्वजनिक गरिनेछ । पहिलो चरण सफलतापूर्वक सम्पन्न भएपछि मात्र दोस्रो चरण सुरु गरिने व्यवस्था गरिएको छ ।

यसलाई महत्वाकांक्षी राष्ट्रिय परियोजनाका रूपमा अघि बढाइएको मन्त्रालयले जनाएको छ । कार्यक्रम प्रभावकारी बनाउन सुपरिवेक्षकलाई तालिम दिने र उनीहरूले गणकलाई तालिम दिने संरचना अपनाइएको छ, जसले कार्यान्वयनमा एकरूपता ल्याउने अपेक्षा गरिएको छ ।

सरकारले कृषि क्षेत्रलाई दीर्घकालीन रूपमा व्यवस्थित र आधुनिक बनाउने लक्ष्यसहित सुरु गरेको यस गणनाबाट प्राप्त निष्कर्षले आगामी दिनमा कृषक केन्द्रित नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

# सरकारी कार्यालयबाट मोबाइल चोरी गर्ने दुई जना पक्राउ, अनुसन्धान जारी



***शु.आ. सम्बाददाता***
***पर्सा, २१ वैशाख***

पर्साको वीरगंज महानगरपालिका-३ स्थित पूर्वाधार विकास कार्यालय परिसरबाट मोबाइल चोरी गरी फरार भएका दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साले सोमबार जारी गरेको प्रेस विज्ञप्तिमा उक्त जानकारी दिएको हो । प्रहरीका अनुसार सोमबार करिब १०:२० बजे कार्यालय परिसरमा कर्मचारी राम प्रवेश यादवसँग विकास योजनासम्बन्धी विषयमा विवाद गर्दै आएका व्यक्तिहरूले सोही क्रममा कार्यालयभित्र रहेको बोर्डमा राखिएको मोबाइल चोरी गरी फरार भएका थिए । घटनाबारे कार्यालय प्रमुखले प्रहरीलाई जानकारी गराएपछि खोजी कार्य तीव्र बनाइएको थियो ।

प्राप्त सूचनाका आधारमा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको टोलीले अनुसन्धानका क्रममा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-१४ का ३२ वर्षीय जयप्रकाश ठाकुर लोहार र वीरगञ्ज-१३ का ३० वर्षीय मनमोहन पाण्डे रहेका छन् ।

प्रहरीले उनीहरूलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान अगाडि बढाएको जनाएको छ । घटनामा संलग्न अन्य व्यक्ति भए/नभएको तथा चोरी गरिएको मोबाइलको अवस्थाबारे पनि अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता राजु कार्कीले सरकारी कार्यालयभित्रै चोरीजस्तो घटना हुनु गम्भीर विषय भएको उल्लेख गर्दै दोषीमाथि कानुनअनुसार कडा कारबाही गरिने बताए । उनले यस्ता घटनाबाट सचेत रहन र शंकास्पद गतिविधि देखिएमा तुरुन्त प्रहरीलाई जानकारी गराउन सर्वसाधारणलाई आग्रह गरेका छन् ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०, ९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर

जनहितमा जारी सन्देश
❖ सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
❖ घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
❖ बाल श्रमको प्रयोग नगरौं नगराऔं ।
❖ जेष्ठ नागरिकको सम्मान गरौं ।
❖ अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
❖ महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
❖ फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
❖ जथाभावी फोहोर नगरौं ।
❖ भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।
यमुनामाई गाउँपालिका, सरूअठा, रौतहट

विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :
❖ विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
❖ प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद आईहालेमा नआत्तिऔं,
❖ बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौं,
❖ विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
❖ विपद् सम्बन्धी सचेतना फैलाऔं,
❖ विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।
बिन्दाबासिनी गाउँपालिका
बहुअर्वाभाट्टा, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# फरार प्रतिवादी पक्राउ गर्ने विशेष अभियानमा रौतहट प्रहरीलाई ठूलो सफलताः एकैदिन चार जना पक्राउ

*शु. आ. सम्बाददाता*
*बैशाख, २१ रौतहट*

जिल्ला प्रहरी कार्यालय रौतहटले फरार प्रतिवादीहरूलाई कानुनी दायरामा ल्याउन सञ्चालन गरेको विशेष अभियान अन्तर्गत विभिन्न मुद्दामा संलग्न चार जना फरार व्यक्तिहरूलाई पक्राउ गर्न सफल भएको छ। प्रहरीको विशेष टोलील हिजो आइतबारको २० गते जिल्लाका विभिन्न स्थानबाट कर्तव्य ज्यान, सवारी ज्यान, बैंकिङ कसुर र लागुऔषध मुद्दाका प्रतिवादीहरूलाई नियन्त्रणमा लिएको हो ।




प्रहरीले कर्तव्य ज्यान जस्तो गम्भीर मुद्दामा विगत लामो समयदेखि फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ । वि.सं. २०६६ फागुन २६ गते रौतहटको देवाही गोनाही वडा नं. ३ मा विशाल महतोलाई कुटपिट गरी हत्या गरेको आरोपमा संलग्न सोही स्थानका ३९ वर्षीय राम विनय चौधरीलाई प्रहरीले पक्राउ गरेको हो। कुटपिटबाट गम्भीर घाइते भएका महतोको उपचारका क्रममा मृत्यु भएपछि चौधरी फरार रहँदै आएका थिए ।

सवारी ज्यान र बैंकिङ कसुरमा कारबाही

यसैगरी सवारी ज्यान मुद्दामा फरार रहेका बौधीमाई नगरपालिका वडा नं. ६ का ३६ वर्षीय राम पुकार राय यादवलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ। गत पुस २ गते मौलापुर-मर्यादपुर सडकखण्डमा यादवले चलाएको प्रदेश ०२-००१- प. ६३६३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा ६५ वर्षीय बनारशी राउत कुर्मीको मृत्यु भएको थियो ।

त्यस्तै बैंकिङ कसुर मुद्दामा सर्लाही जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएका माधव नारायण नगरपालिका वडा नं. ६ का ४१ वर्षीय जितेन्द्र कुमार जयसवाललाई पनि पक्राउ गरिएको छ। जयसवाललाई आवश्यक कानुनी प्रक्रियाका लागि जिल्ला प्रहरी कार्यालय सर्लाही पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाए ।

प्रहरीले फैसला कार्यान्वयनतर्फ पनि सक्रियता देखाउँदै लागुऔषध (गाँजा) मुद्दामा सजाय सुनाइएका प्रतिवादीलाई पक्राउ गरेको छ । रौतहट जिल्ला अदालतबाट ६ महिना कैद सजाय तोकिएका देवाही गोनाही नगरपालिका वडा नं. ९ का ६५ वर्षीय सिकिन्द्र राय यादवलाई पक्राउ गरी कैद भुक्तानका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक बिष्णु प्रदिप बस्यालका अनुसार जिल्लामा शान्ति सुरक्षा कायम गर्न र अदालतबाट दोषी ठहर भई फरार रहेका तथा अनुसन्धानका क्रममा रहेका व्यक्तिहरूलाई पक्राउ गर्ने अभियानलाई अझ तीव्र पारिनेछ । पक्राउ परेका प्रतिवादीहरूलाई सम्बन्धित निकायमा बुझाउने र थप अनुसन्धान गर्ने कार्य भइरहेको प्रहरीले जनाए ।

# घुस लिएको आरोपमा जिल्ला अदालत गौरका कर्मचारीविरुद्ध मुद्दा दायर

*शु.आ. सम्बाददाता*
*रौतहट, २१ वैशाख*

अदालतसम्बन्धी सेवा प्रवाहमा घुस लिएको आरोपमा रौतहट जिल्ला अदालत, गौरमा कार्यरत एक कर्मचारीविरुद्ध मुद्दा दायर गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तहसिल शाखामा कार्यरत डिट्ठा लव कुमार सिंहविरुद्ध विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको जनाएको छ ।




आयोगका अनुसार अदालतको कामकारबाहीअन्तर्गत रोक्का रहेको जग्गा फुकुवा तथा दर्ता-खारेजी (दा.खा.) पुर्जी प्रक्रिया अगाडि बढाइदिने बहानामा सेवाग्राहीसँग घुस मागिएको उजुरीपछि निगरानी गरिएको थियो। अनुसन्धानका क्रममा सिंहलाई सेवाग्राहीसँग नगद रु. ५० हजार घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको आयोगले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानबाट अदालतको फैसला अनुसार प्रक्रिया अघि बढाउनुपर्ने कार्यमा विभिन्न बहाना बनाई सेवाग्राहीलाई अनावश्यक रूपमा हैरानी दिँदै रकम माग गरिएको पुष्टि भएको आयोगको भनाइ छ। सङ्कलित प्रमाणका आधारमा उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कसुरमा आरोपित गरिएको छ ।

आयोगले उक्त ऐनअनुसार बिगो कायम गरी कैद तथा जरिवानाको माग दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको जनाएको छ । यस घटनाले न्यायिक सेवामा पारदर्शिता र उत्तरदायित्वको विषयलाई पुनः चर्चामा ल्याएको छ ।

# चार्जमा राखिएको इलेक्ट्रीक स्कुटी पड्किँदा वीरगंजमा एकै परिवार गम्भीर

*वीरगंज, २१ वैशाख*

बढ्दो पेट्रोल मूल्यबाट राहत खोज्दै इलेक्ट्रीक सवारीतर्फ आकर्षित भइरहेका बेला वीरगञ्जमा भएको एक घटनाले यस्ता सवारीको सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ । घरमै चार्जमा राखिएको इलेक्ट्रीक स्कुटी पड्किँदा एकै परिवारका चार जना गम्भीर घाइते भई अस्पतालको आइसीयूमा उपचाररत छन् ।



वीरगंज महानगरपालिका-१६, नगवा निवासी विशाल सर्राफले करिब एक महिना अघि खरिद गरेको 'टोनमा' कम्पनीको इलेक्ट्रीक स्कुटी शनिबार राति चार्जमा राखिएको अवस्थामा अचानक पड्किँदा आगलागी भएको हो। उक्त घटनामा सर्राफ स्वयं, उनकी श्रीमती २६ वर्षीया अञ्जली सर्राफ, ६ वर्षीय छोरा कबिर र २ वर्षीया छोरी इशा गम्भीर घाइते भएका छन् । परिवारका अनुसार राति सबै जना सुतेको बेला स्कुटीको ब्याट्री विस्फोटजस्तै गरी पड्किएपछि आगो फैलिएको थियो । धुवाँ र आगोले घरभरि फैलिँदा परिवारका सदस्यहरू घाइते भएका हुन्। गम्भीर अवस्थामा रहेका उनीहरूलाई तत्काल वीरगञ्जस्थित बयोधा अस्पतालको आइसीयूमा भर्ना गरिएको छ भने कान्छी छोरीलाई एनआईसीयूमा राखेर उपचार भइरहेको छ ।

विशालका पिता विष्णु सर्राफले पेट्रोलको खर्च कम गर्ने उद्देश्यले १ लाख ९० हजार रुपैयाँमा उक्त स्कुटी खरिद गरिएको बताए । "पेट्रोलको मूल्यबाट बचत गर्न किनेको स्कुटीले नै परिवारको ज्यान जोखिममा पारिदियो," उनले भने। उनका अनुसार उपचारपछि कम्पनीविरुद्ध कानुनी प्रक्रिया अघि बढाउने तयारी भइरहेको छ ।

घटनाले स्थानीय बासिन्दामा समेत

बाँकी तेश्रो पृष्ठमा

# घर/जग्गा बहाल कर अनिवार्य रुपमा स्थानीय तहमा बुझाउन परवानीपुर गाउँपालिकाको निर्देशन

*शु.आ. सम्बाददाता*
*बारा, २१ वैशाख*

परवानीपुर गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, कलकारखाना, व्यवसाय तथा पसलहरूले घर/जग्गा बहाल (भाडा) कर अनिवार्य रूपमा स्थानीय तहमा बुझाउनुपर्ने स्पष्ट निर्देशन जारी गरेको छ । गाउँ कार्यपालिकाको कार्यालयद्वारा जारी सूचनामा हालसम्म केही व्यवसायीहरूले बहाल कर अन्यत्र बुझाउँदै आएको पाइएपछि यस्तो कदम चालिएको जनाइएको छ।




गाउँपालिकाका अनुसार परवानीपुरभित्र घर वा जग्गा भाडामा लिएर उद्योग तथा व्यापार सञ्चालन गरिरहेका केही व्यवसायीहरूले मुख्य कार्यालय काठमाडौं लगायत अन्य स्थानमा राखी त्यहीँ बहाल कर तिर्ने गरेको तथ्य बाहिर आएको छ । यसरी स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने कर बाहिर बुझाउँदा गाउँपालिकाको आन्तरिक राजस्वमा प्रत्यक्ष असर परेको बताइएको छ ।

सूचनामा नेपालको संविधान २०७२ अनुसार बहाल कर स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्ने उल्लेख गरिएको छ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम घर/जग्गा बहाल कर सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले अबदेखि आफ्नो क्षेत्रभित्र घर वा जग्गा भाडामा लिएर सञ्चालन गरिएका सबै उद्योग तथा व्यवसायहरूले बहाल कर अनिवार्य रूपमा परवानीपुर गाउँपालिकाको आन्तरिक राजस्व शाखामा बुझाउनुपर्ने निर्देशन दिएको छ। साथै, यसअघि अन्यत्र बुझाइएको भए पनि अबदेखि सम्बन्धित स्थानीय तहमा नै कर दाखिला गर्नुपर्ने उल्लेख गरिएको छ । सूचनामा थप भनिएको छ कि घरधनी र व्यवसायीबीच भएको भाडा सम्झौताअनुसार बहाल कर तिर्ने दायित्व सुनिश्चित गर्दै स्थानीय तहमा कर बुझाउनुपर्नेछ । अन्यत्र कर बुझाएको पाइएमा सो रकम मान्य नहुने र आवश्यक कारबाही प्रक्रिया अघि बढाइने चेतावनी पनि दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत सुनिता साह सेनियारद्वारा हस्ताक्षरित उक्त सूचनाले स्थानीय तहको राजस्व संकलन प्रणालीलाई मजबुत बनाउन तथा करको दायरा विस्तार गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । साथै, गाउँपालिकाले सबै सरोकारवालालाई नियम पालना गर्न र कर प्रणालीलाई व्यवस्थित बनाउन सहयोग गर्न आग्रह गरेको छ ।

# मुख्यमन्त्री बानियाँको घर-कार्यालयमा छापा, सम्पत्ति शुद्धीकरणबारे अनुसन्धान सुरू

काठमाडौं, २१ वैशाख

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको काठमाडौं र हेटौंडास्थित निवास तथा कार्यालयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छापा मारेको छ। अवैध रूपमा सम्पत्ति आर्जन गरेको आशंकामा विभागले प्रारम्भिक अनुसन्धान सुरु गर्दै कागजात संकलन र जाँचबुझ गरेको जनाएको छ । विभागको टोलीले दुवै स्थानमा पुगेर आवश्यक कागजातहरू नियन्त्रणमा लिएको भए पनि घटनाबारे औपचारिक रूपमा विस्तृत विवरण सार्वजनिक गरिएको छैन । बानियाँ 'क' वर्गका निर्माण व्यवसायीसमेत रहेका र उनीसँग सम्बन्धित निर्माण कम्पनी सञ्चालनमा रहेको बताइएको छ, जसका आधारमा अनुसन्धान अघि बढाइएको बुझिएको छ ।



यसबीच मुख्यमन्त्री बानियाँले छापामारीप्रति आपत्ति जनाउँदै आफ्नो व्यक्तिगत तथा सामाजिक चरित्रमा आघात पुगेको बताएका छन् । सोमबार जारी प्रेस विज्ञप्तिमा उनले बिना पूर्वसूचना गरिएको छापामारीप्रति असन्तुष्टि व्यक्त गर्दै राज्यका निकायसँग सहकार्य गर्न आफू सधैं तयार रहेको उल्लेख गरेका छन् । बानियाँले आफू सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त समाज निर्माणमा प्रतिबद्ध रहेको दाबी गर्दै प्रदेश सरकारको खर्च कटौती र आर्थिक मितव्ययितामा केन्द्रित भएर काम गरिरहेको बताएका छन्। साथै, योजना तथा कार्यक्रमहरू आवश्यकता र औचित्यका आधारमा पारदर्शी ढंगले अघि बढाइएको उनको भनाइ छ।

उनले आफ्नो राजनीतिक तथा व्यावसायिक जीवनमाथि हुने कुनै पनि छानबिनलाई सकारात्मक रूपमा लिएको जनाउँदै संवैधानिक तथा कानुनी दायराभित्र हुने अनुसन्धानमा पूर्ण सहयोग रहने प्रतिबद्धता जनाएका छन् । साथै, यस घटनालाई लिएर भ्रममा नपर्न प्रदेशवासी र शुभेच्छुकहरूलाई आग्रह गरेका छन् ।

सम्पत्ति शुद्धीकरणको आशंकामा सुरु गरिएको प्रारम्भिक अनुसन्धानबाट थप तथ्य सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

# सातै प्रदेशमा पहिलोपटक कृषि गणना, नीतिनिर्माणका लागि आधार तयार हुँदै

*काठमाडौं, २१ बैशाख*

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले देशभरका कृषक र कृषि प्रणालीको वास्तविक अवस्था पहिचान गर्ने उद्देश्यले सातै प्रदेशमा पहिलोपटक व्यापक कृषि गणना सञ्चालन गरेको छ । आन्तरिक जनशक्तिको उपयोग र तीनै तहका सरकारको समन्वयमा अघि बढाइएको यो कार्यक्रमलाई मितव्ययी र प्रभावकारी बनाइएको मन्त्रालयले जनाएको छ ।




गणनाको पहिलो चरणमा गणकहरू किसानको घरदैलोमै पुगेर प्रत्यक्ष रूपमा विवरण सङ्कलन गरिरहेका छन् । यसक्रममा कृषकको उत्पादन अवस्था, मल-बीउको प्रयोग, सिँचाइको पहुँच, भण्डारण पूर्वाधार, प्रविधिको प्रयोग, वित्तीय पहुँच, कृषि सेवा, बिमा तथा पशुपालनसम्बन्धी विभिन्न सूचकहरू समेटिएको छ ।

सूचना सङ्कलन प्रक्रियामा आधुनिक प्रविधिको प्रयोग गरिएको छ। मोबाइल र ट्याबलेटमार्फत तथ्याङ्क संकलन गरिएकाले काम छिटो, विश्वसनीय र व्यवस्थित भएको मन्त्रालयको दाबी छ। यसले कागजी प्रक्रियाको झन्झट कम गर्नुका साथै तथ्याङ्क व्यवस्थापनलाई पनि सहज बनाएको बताइएको छ ।

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका